## मिति २०७५।१२।२९ गते नेपालगंज उपमहानगरका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठक निर्णयहरु

### निर्णयहरु

१) नेपाल फलफुल सागसब्जी व्यवसायी संघ, बाँके को मिति २०७५।७।१९ गतेको पत्र मार्फत फोहरमैला राखी फाल्नको लागि एउटा ट्राली उपलब्ध गराईदिनको लागि यस कार्यालयमा अनुरोध भै आएको सम्बन्धमा छलफल भै कुल लागतको ८० प्रतिशत रकम यस उपमहानगरपालिकाबाट र २० प्रतिशत रकम सम्बन्धीत व्यसायी संघबाट व्यहोरिने गरी ट्राली उपलब्ध गराउने निर्णय गरियो ।

२) यस उपमहानगरपालिकाको संचार क्षेत्र संग सम्वन्धित कार्यक्रममा भएको खर्च अनियमितताका विषयमा कार्यपालिका बैठकबाट गठित छानविन समितिको अन्तिम प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई छलफल हुँदा छानविन समितिले औल्याएको वेरुजु रकम १५ दिन भित्र पेश्कि लिने पेश्की लिने यस उपमहानगरपालिकाका प्रेस सल्लाहकार श्री सुक्रऋषि चौलागाईबाट असुलउपर गरी भएगरेको जानकारीको बारेमा अर्को बैठकमा पेश गर्ने । छनविन समितिको प्रतिवेदन बारेमा जानकारी माग भै आएमा माग बमोजिमको प्रतिवेदनको सांराश उपलब्ध गराउने ।

३) नेपालगंज उपमहानगरपालिका वडा नं. ४ सल्लानी बगिया स्थित गर्ल्स स्कूलको संचालन, शैक्षिक गुणस्तर सुधार लगायत स्कूलको समग्र विकासको लागि नगरक्षेत्रको धम्बोजी उच्च मा.वि.मा लामो समयसम्म प्रधानाध्यामक पदमा कार्यरत रही सेवानिवृत्त हुनु भएको, शैक्षिक क्षेत्रमा लामो समय सम्म अनुभवी ख्याती प्राप्त, शिक्षा क्षेत्रमा उल्लेखनीय कार्य गरेबापत सम्मानित हुन भएकी नेपालगंज उपमहानगरपालिका वडा नं. १२ बस्ने श्री किरण अचार्यलाई उक्त विद्यालयको परामर्शदाताको रुपमा राख्ने निर्णय गरियो ।

४) यस उपमहानगरपालिका अन्तर्गतको नगर शिक्षा समितिको मिति २०७५।१२।२६ गतेको बैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क). विद्यालयको माग अनुगमन समितिको स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा तपसिल बमोजिमको विद्यालयहरुलाई शैक्षिक सत्र २०७५मा कक्षा थप सन्चालन तथा पुर्व प्राथमिक कक्षा सन्चालन अनुमति दिन कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क. स. | विद्यालयको नाम | ठेगाना | सन्चालित संविकृत कक्षा | माग गरिएको कक्षा |
|---|---|---|---|---|
| १ | जय बागेश्वरी विद्या निकेतन | ने.ग. १७ परसपूर | ३( तिन) | ४ (चार) |
| २ | शैलेश्वरी विद्या निकेतन | आर्दशनगर १० | ५ (पांच) | ६ ( छ) |
| ३ | शान्दीपनि विद्या निकेतन | पशूपतिनगर | २ (दूई) | ३ (तिन |
| ४ | कमल पोखरी ई.मि.स्कूल | ने.ग. २० मिलननगर | २ (दूई) | ३ (तिन |
| ५ | कावेरी विद्या निकेतन | भृकूटीनगर १० | ७ (सात) | ८ (आठ) |
| ६ | स्टार फयूचर से. स्कूल | ने.ग. खजूरारोड १ | ९ (नौ) | १० (दश) |
| ७ | डेभलेप्मेन्ट एकेडेमी ई.मि.स्कूल | ने.ग. १० | २ (दूई) | ३( तिन) |
| ८ | रेडहिल एकेडेमी | ने.ग. १० | ७ (सात) | ८ (आठ) |
| ९ | न्यू भिजन ईमि.स्कूल | ने.ग. ७ | २ (दूई) | ३( तिन) |
| १० | जगन्नाथ ई.मि.स्कूल | गंगापूर ने.ग. १३ | ३( तिन) | ४ (चार) |
| ११ | सेन्ट उमर पबिलक स्कूल | ने.ग. १६ जयसपूर | २ (दूई) | ३( तिन) |
| १२ | ग्रेस ईन्टरनेशनल स्कूल | ने.ग. ४ गणेशपूर | ५ (पांच) | ६ (छ) |
| १३ | न्यू ग्यालेक्सी ई.मि.स्कूल | ने.ग. १० | ५ (पांच) | ६ (छ) |
| १४ | भेरी विद्या मन्दिर ई.मि. स्कूल | ने.ग. २० राझा | ९ (नौ) | १० (दश) |
| १५ | सोफिया ईन्टरनेशनल स्कूल | ने.ग. १३ | ८ (आठ) | ९ (नौ) |
| १६ | नव ज्योती बो.स्कूल | ने.ग. १९ | २ (दूई) | ३( तिन) |
| १७ | बैजापूर यूथ भिजन एकेडेमी | ने.ग. ६ | ६ (छ) | ७ (सात) |
| १८ | सक्सेस ई.मि. स्कूल | ने.ग. २० | २ (दूई) | ३( तिन) |
| १९ | गूरुकूलदेव संस्कृत विद्यापिठ | ने.ग. १ | १ (एक) | २ (दूई) |
| २० | हेब्रोन स्टार ई.मि. स्कूल | ने.ग. ६ फूल्टेका | ४ (चार) | ५ (पांच) |
| २१ | क्रिष्टल ईस्टियट अफ बो.स्कूल | ने.ग. [illegible] फूल्टेका | ४ (चार) | [illegible] |

| क. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित सविकृत कक्षा | माग गरिएको कक्षा |
|---|---|---|---|---|
| २२ | डकार ई.मि.स्कूल | ने.ग.२० नयाबस्ती थपूवा | ६ (छ) | ७ (सात) |
| २३ | हिमालयन एकेडेमी | ने.ग. २० राफ्झा | ३( तिन) | ४ (चार) |
| २४ | शान्ति नन्दन ई.मि. स्कूल | ने.ग. २० | २ (दूई) | ३( तिन) |
| २५ | पाटेश्वरी रा.प्रा.वि. | ने.ग. १८ भूजईगाउ | ५ (पांच) | ६ (छ) |
| २६ | ग्लाइडसम किन्डर गार्डेन एकेडेमी | ने.ग. ४ गणेशपूर | छैन | पुर्व प्रा.वि |
| २७ | किन्डर पिलर एकेडेमी | ने.ग. १० | छैन | पुर्व प्रा.वि |
| २८ | विनायक एजूकेशनल एकेडेमी | ने.ग. १३ | ९(नौ) | १० (दश) |
| २९ | पशूपति ई.मि.स्कूल | ने.ग. १४ बालेगाउ | ५ (पाच) | ६ (६) |
| ३० | बाके शिक्षा मा.वि. | ने.ग. १० | ९ (नौ) | १० (दश) |
| ३१ | साईनिगं फयूचर एकेडेमी | ने.ग. ५ | ६ (पाच) | छ (६) |
| ३२ | ब्राईट होप उकेडेमी | ने.ग. १ | ८ (आठ) | ९(नौ) |

ख). विद्यालयको माग, अनुगमन समितिको स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा तपसिल बमोजिमको विद्यालयहरुलाई शैक्षिक सत्र २०७६ मा कक्षा थप सञ्चालन तथा पुर्व प्राथमिक कक्षा सञ्चालन अनुमति दिन कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क. स. | विद्यालयको नाम | ठेगाना | | | सञ्चालित कक्षा | अनुमति माग गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वन्डर पब्लिक एजुकेशन एकेडेमी | नेपालगंज | ८ | महेन्द्रपार्क | ० | १ | निजी गुठी |
| २ | न्यू असेम्वली अफ गड इ.वो. स्कुल | नेपालगंज | १३ | | ० | १ | निजी गुठी |
| ३ | नेपाल ई.मि.वो. स्कुल | नेपालगंज | २१ | पुरैना | ० | १ | निजी गुठी |
| ४ | जामिया कादरिया जियाउल कुरान | नेपालगंज | २० | राफ्झा | ३ | ४ | |
| ५ | शान्दीपनि विद्या निकेतन | नेपालगंज | १८ | करकादो | ३ | ४ | |
| ६ | डेभलपमेन्ट एकेडेमी इ. मि. स्कुल | नेपालगंज | १३ | वुलवुलिया | ३ | ४ | |
| ७ | जामिया इस्लामिया रजाये मुस्तफा | नेपालगंज | १९ | | ३ | ४ | |
| ८ | नवज्योति वो.स्कुल बाँके | नेपालगंज | १९ | बसुदेवपुर | ३ | ४ | |
| ९ | अल्जमिया तुल इस्लामया रजाउल उलुम | नेपालगंज | २१ | विर्ता | ३ | ४ | |
| १० | दारुल उलुम गुल्सने मदिना | नेपालगंज | ४ | गणेशपुर | ४ | ५ | |
| ११ | हिमालयन एकेडेमी प्रा.लि. | नेपालगंज | २० | मनिकापुर | ४ | ५ | |
| १२ | जय वागेश्वरी विद्या निकेतन | नेपालगंज | १६ | परस्पुर | ४ | ५ | |
| १३ | इन्स्टीच्युर अफ किटल नलेज वोडिङ्ग | नेपालगंज | ६ | | ५ | ६ | |
| १४ | शैलेश्वरी विद्या निकेतन | नेपालगंज | १० | आदर्शनगर | ६ | ७ | |
| १५ | पाटेश्वरी आ.वि. भुजइगाँउ | नेपालगंज | १८ | भुजइगाँउ | ५ | ७ | |
| १६ | ग्रेस इ.वो.स्कुल | नेपालगंज | ४ | गणेशपुर | ६ | ७ | |
| १७ | डकार ई.वो. स्कुल | नेपालगंज | २० | राफ्झा | ७ | ८ | |
| १८ | हेप्पी होप इ.मि. स्कुल | नेपालगंज | २२ | | ७ | ८ | |
| १९ | वैजापुर युथ भिजन इ.वो. स्कुल | नेपालगंज | ४ | | ७ | ८ | |
| २० | सोफिया रेसिडेन्सियल ई.मि. स्कुल | नेपालगंज | १० | बाँके | ९ | १० | |
| २१ | ब्राइटहोप एकेडेमी | नेपालगंज | १८ | | ९ | १० | |
| २२ | आइडियल पब्लिक मा.वि. | नेपालगंज | ७ | एम पि रोड | १० | ११ | व्यवस्थापन समुह |
| २३ | नेपालगंज मोडेल ऐकेडेमी | नेपालगंज | १८ | | १० | ११ | व्यवस्थापन समुह |
| २४ | प्रभात मेमोरियल स्कुल | नेपालगंज | १० | | १० | ११ | व्यवस्थापन समुह |
| २५ | सगरमाथा ई.वो स्कुल | नेपालगंज | १८ | | १० | ११ | व्यवस्थापन समुह |
| २६ | किड्स क्लव इ. प्रि. स्कुल | नेपालगंज | १३ | वुलवुलिया | ० | मन्टेश्वरी | |

| क. स. | विद्यालयको नाम | ठेगाना | | | सञ्चालित कक्षा | अनुमति माग गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २७ | मोर्डन क्रियटिम चिल्ड्रेन जोन | नेपालगंज | १९ | शान्तिनगर | ० | मन्टेश्वरी | |

५) यस उपमहानगरपालिकाको विभिन्न स्थानमा जडान हुने हाईमास लाईट जडानको लागि प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरु म्याद भित्र खोलिएकोमा बोलपत्र मुचुल्का र Bid Document मा देखिएको फरकका विषयमा छानविन गरी सत्यतथ्य सहितको प्रतिवेदन पेश गर्न गठित छानविन समितिको प्रतिवेदन बैठकमा पेश भई छलफल हुँदा समितिको प्रतिवेदनले सम्बन्धित शाखांबाट त्रुटी भएको भनी औल्याए बमोजिम त्रुटी गर्ने त्यस्ता कर्मचारीहरुलाई विभागीय कारवाहीको लागि प्रमुख प्रशारुकीय अधिकृतज्यूलाई जिम्मा दिने निर्णय गरियो । तथा उक्त ठेक्का सम्बन्धी मूल्याङ्कन प्रकृया अगाडी बढाउन जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, नेपालगञ्ज उपमहानगरपालिकाको खरिद ईकाई तथा बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा गरिएको मुचुल्कामा उल्लेखित विवरणलाई नै मूल आधार मानी सोही बमोजिमनै मूल्याङ्कन प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत बोलपत्र मूल्याङ्कन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

६) नेपालगंज उपमहानगरापालिका हाल वडा नं. ६ साविक वडा नं. ७ स्थित् सार्वजनिक पोखरी संरक्षण सम्बन्धि उठेको विवादका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्वदलिय सर्वपक्षीय सहितको बैठक बसी विवाद समाधानको प्रयास गर्ने निर्णय गरियो ।

७) मिति २०७४।२।६ गते नेपालगंज उपमहानगरपालिका साविक वडा नं. १४ हाल वडा नं. ११ नाका टोलमा यस उपमहानगरपालिकाबाट जे.सि.भि. प्रयोग गरी नाला सरसफाई गर्ने क्रममा आफनो घरको शौचालय, बाथरुम, किचेन, एक भाग कोठा समेत भत्की हानी नोक्सानी भएकोले क्षतीपूर्ति पाउँ भनी घरधनी श्री समिउल्ला सलमानी( नाउं)ले मिति २०७५।१०।२० गते यस कार्यालयमा निवेदन दिएको सम्बन्धमा छलफल भई क्षतीपूर्ति बापत श्री समिउल्ला सलमानीलाई रु. २०,०००।- (बिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

८) नेपाल रेडक्रस सोसाइटी सदरलाईन उप शाखालाई भवन निर्माण प्रयोजनार्थ नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित सिट नं. ०३५।१४४९-१५ कि.नं. २२५ को ३४ वर्ग मिटर जग्गाको प्लट रजिष्टर र फिल्ड बुकमा जोताहा र जग्गा धनीको नाम थर वतनको महलमा खाली रहेको उक्त जग्गा कोही कसैको नाममा दर्ता नभएको सार्वजनिक नेपाल सरकारको सम्पती स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११७ (क) को (७)ले सार्वजनिक ऐलानी र प्रति जग्गाको संरक्षण र सुरक्षा गर्न नगरपालिकालाई रहेको हुँदा र यस उपमहानगरपालिकाका कानूनी सल्लाहकार द्वय श्री वासुदेव ज्ञवाली र लोक बहादुर शाहबाट संयुक्त रुपमा पेश भएको उल्लेखित जग्गा नगरपालिकाको स्वामित्वमा रहने गरी प्रयोग गर्न दिन मिल्ने सहितको रायसुझावको आधारमा नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित सिट नं. ०३५।१४४९-१५ कि.नं. २२५ को ३४ वर्ग मिटर जग्गामा नेपालगंज उपमहानगरपालिकाको स्वामित्वमा रहने गरी नेपाल रेडक्रस सोसाईटी सदरलाईन उपशाखालाई भवन निर्माण गरी प्रयोग गर्न दिने निर्णय गरियो ।

९) यस उपमहानगरपालिकाको स्विकृत बार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास निर्माणकार्यको लागि कार्यालयको विद्यमान प्राविधिक जनशक्ति अपुग रहेको, यस उपमहानगरपालिकाको मन्त्रालयलको स्विकृत दरबन्दी बमोजिम केन्द्रबाट समायोजन भै आउने प्राविधिक कर्मचारीहरु समेत हाल सम्म नआई सकेको, केन्द्रबाट तराई समृद्धि विकास कार्यक्रम, सासंद पूर्वाधार विकास कार्यक्रम, प्रदेश सरकार लगायत अन्य निकायबाट समेत विकास निर्माणका कार्यक्रमहरु थप भई बजेट समेत प्राप्त भै आएको अवस्थामा विद्यामान जनशक्तिबाट कार्यान्वयन गर्न असम्भव भएकोले केन्दबाट प्राविधिक कर्मचारीहरु नआउन्जेल सम्मका लागि हाललाई ईन्जिनियर एकजना र सब ईन्जिनियर एकजना कर्मचारी करार सेवामा लिने निर्णय गरियो ।

१०) नेपालगंज वडा नं. २२ स्थित रहेको कान्तिताल निर्माण र वडा नं. २० स्थित सामुदायिक वन उपभोक्ता समूह ने.गं. बांकेको नाममा रहेको जमीनमा बनस्पती(Botanical Garden) निर्माणको लागि डि.पि.आर.(DPR) निर्माण गर्ने निर्णय गरियो ।

११) यस उपमहानगरपालिका अन्तर्गत गठित सझेदारी विकास सम्बन्धी कार्यदलको मिति २०७५।१२।१३ गतेको बैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

- साझेदारी विकास कार्यक्रमलाई थप प्रभावकारी र व्यापक रुपमा सञ्चालन गर्न चालू आ.व. २०७५/०७६ का लागि यस नेपालगञ्ज उप-महानगरपालिकाबाट नेपाल सरकार संग साझेदारी विकास कार्यक्रम सञ्चालन गर्नका लागि रु ५,००,००,०००।- (पाँच करोड) विशेष अनुदान माग गरिएकोमा अर्थ मन्त्रालयबाट सो बमोजिम नै रकम स्वीकृत भै प्राप्त भएको र यस विषयमा मिति २०७५।१२।६ को नगर कार्यपालिका बैठक एवं २०७५।१२।१० गते सम्पन्न चौथो नगर सभा बैठकमा व्यापक छलफल भै भएको निर्णय अनुसार गर्न मनासिव देखिएकोले सो बमोजिम विशेष अनुदान शिर्षकमा प्राप्त रकमलाई देहाय अनुसारका कार्यक्रम सञ्चालनका लागि विनियोजन गर्न लगाई कार्यप्रक्रिया शिघ्र अगाडी बढाउन नगर कार्यपालिका कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

(क) बस (ठूला- ४ वटा र मझौला- ३ वटा) खरिद गर्न अनुमानित रु ३,५०,००,०००।- (तिन करोड पचास लाख) विनियोजन गर्ने । बस सञ्चालनबाट प्राप्त हुने आम्दानि साझेदारी विकास कोषमा जम्मा हुने व्यवस्था गर्ने र उक्त कोषबाट लक्षित वर्गको आयआर्जनमूलक व्यवसाय सञ्चालन गर्न लगानी परिचालन गरि नगरको आर्थिक सवलिकरण र सशक्तिकरणका माध्यमद्धारा समृद्ध महानगर बनाउने दिशामा अग्रसरता लिने ।

(ख) नेपालगञ्जलाई प्लाष्टिकमुक्त शहरको रुपमा विकसित गर्न प्लाष्टिकको झोलाको सट्टामा कपडाको झोला, कागजको झोला एवं बट्टा लगायतका सामाग्रीहरु उत्पादनका लागि रु १,००,००,०००।- (एक करोड) विनियोजन गर्ने ।

(ग) साझेदारी विकास अन्तर्गत् नियमित ऋण लगानी, अन्य लक्षित कार्यक्रम सञ्चालन तथा समग्र कार्यक्रमको अनुगमन लगायतमा खर्च गर्ने गरि रु ५०,००,०००।- (पचास लाख) विनियोजन गर्ने ।

- साझेदारी विकास कार्यक्रम मार्फत नेपालगञ्जको सामाजिक, सांस्कृतिक र आर्थिक सशक्तिकरण गरि नगरमा समृद्धिका अवसर सृजना गर्न अपरिहार्य भएको र यसका लागि पर्याप्त जनशक्तिको खाँचो महशुस भएको सन्दर्भमा कार्यक्रमलाई थप गतिशिलता प्रदान गर्न वि.वि.एस. उत्तिर्ण भएको २ जना (सो मध्ये १जना एकाउन्ट हेर्ने) र प्लस टु वा सो सरह उत्तिर्ण गरेका ३ जना सामाजिक परिचालकको जनशक्ति करार सेवामा लिने गरि तत्कालै व्यवस्थापन गर्न जरुरी महशुस भएकोले हाल प्राप्त विशेष अनुदान बाहेक विगतको गाऊ नगर साझेदारी विकास कार्यक्रमबाट हालको साझेदारी विकास कार्यक्रममा जिम्मेवारी सरेको बजेटबाट खर्च व्यवस्थापन गर्ने गरि सकेसम्म लक्षित महिलाहरुलाई विशेष प्राथमिकता दिइने गरि करारमा पदपूर्ति गर्ने ।
- साझेदारी विकास कार्यक्रम अन्तर्गत बस सञ्चालनको आवश्यक तयारी समेत भैरहेको साथै घरभित्रै सिमित रहेका महिलाहरुलाई आर्थिक सवलिकरणमा संलग्न गराई आर्थिक सशक्तिकरण गर्न जरुरी समेत महशुस भएकोले हाल २५ जना महिलाहरुलाई बस चालकको प्रशिक्षण प्रदान गर्न कम्तिमा ८ कक्षा उत्तिर्ण, १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको योग्य महिला नेपाली नागरिकहरुलाई बस चालक सम्बन्धि प्रशिक्षण प्रदान गर्न दरखास्त आहवानका लागि १५ दिने सूचना प्रकाशन गर्ने । साथै उक्त सूचना मार्फत् छनौट हुने महिलाहरुलाई तेश्रो लिङ्गीका लक्षित १० जना लाई मोटर ड्राईभिङ्ग तालिम प्रदानका लागि यस उप-महानगरपालिकाले सम्झौता गर्ने तयारीमा रहेको शुभ स्वस्तिक ड्राईभिङ्ग स्कुल नेपालगञ्ज संग आवश्यक परामर्श गरि उक्त स्कुल मार्फत नै तालिम गर्न लगाउने निर्णय गरियो ।
- प्लाष्टिकको झोलाको विकल्पमा हालका दिनमा काम गरिरहेका र गर्न अग्रसर रहेका संस्थाहरुको सम्पर्क पत्ता लगाई आगामी केहि दिन भित्रै यस कार्यालयमा समन्वय बैठक आयोजना गर्ने निर्णय गरियो ।

१२) नेपालगंज उपमहानगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७५को नियम ११(ग) मा नगर प्रहरी निरिक्षकको उमेर दरखास्त बुझाउने समयमा सेवा निवृत्त नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी कर्मचारी ४५ वर्ष ननाघेको सट्टा ऐ.ऐ. ५५ वर्ष ननाघेको राखी शंसोधन गर्ने निर्णय गरियो ।

१३) नव वर्ष २०७६ को शुभ अवसरमा सम्पूर्ण नगरवासीहरुमा सुख, शान्ती, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।